## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०

यस बैंकमा रिक्त हुने प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतियोगिताको आधारमा छनौट गरी नियुक्ति सिफारिस गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३; नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्वन्धी विनियमावली २०७४; सो सम्बन्धी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन; यस बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुरुप बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुने व्यक्तिको योग्यता तथा कार्य अनुभव तथा नियुक्तिको प्रकृया समावेश गरी सञ्चालक समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिको लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्न संचालक समितिले संचालकहरुमध्ये दफा (२) बमोजिमको उपसमिति गठन गरिनेछ ।

**२. उप समिति :**

प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि संचालक समितिद्वारा ३ सदस्यीय एक उपसमिति गठन गरिनेछ ।

**३. दरखास्त आह्वान :**

बैंकमा रिक्त हुने प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिका लागि २१ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा २ पटक र बैंकको वेभसाइटमा सूचना प्रकाशित गरिनेछ ।

**४. न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव :**

देहायको योग्यता र कार्य अनुभव भएका इच्छुक योग्य नेपाली नागरिकहरुले दरखास्त दिन सक्नेछन् ।

(१) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(२) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखाशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा दश बर्षको कार्य अनुभव हासिल गरेको ।

(३) उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्ममा ६५ बर्ष ननाघेको हुनुपर्ने छ ।

(४) कार्यकारी प्रमुखको नियुक्तिको सम्बन्धमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड पुरा गरेको ।

**५. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :**

(१) उम्मेदवारले दरखास्त पेश गर्दा दरखास्त फाराम, शैक्षिक योग्यता, कार्य अनुभव पुष्ट्याई गर्ने कागजात, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र/वा कार्यालयको ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण **(Bio-Data)** को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी दुई प्रति पासपोर्ट साईजको फोटो सहित छुट्टै खाममा सिलबन्दी



RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

गरी पेश गर्नु पर्नेछ । विदेशी विश्वविद्यालयबाट अध्ययन गरेका उम्मेद्वारले त्रिभुवन विश्वविद्यालयबाट प्राप्त गरेको समकक्षताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(२) उम्मेदवारले आफ्नो दरखास्त साथ छुट्टै खाममा पांच हजार शब्दमा (अनुसूची बाहेक) नबढ्ने गरी व्यवसायिक कार्य योजना तयार गरी तीन प्रति व्यवसायिक कार्य योजना (Business Plan) र सो को Soft Copy (Pendrive) समेत सिलबन्दी गरी पेश गर्नु पर्नेछ । सिलबन्दी व्यवसायिक कार्य योजनाको भित्री पृष्ठमा उम्मेदवारको पहिचान देखिने गरी नाम वा कुनै संकेत लेख्न पाइने छैन ।

(३) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयम्ले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(४) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा उपस्थिति हुँदा दरखास्त साथ पेश गरेका कागजातहरुको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

**६. दरखास्त साथ निम्न लिखित व्यहोरा आवेदक स्वयम्ले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ :**

(१) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(२) यस बैंकसँगको ठेकापट्टा वा कुनै चल/अचल सम्पत्ति सम्बन्धी कारोबारमा आफैं वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा यस बैंकसँग निजी स्वार्थ नभएको ।

(३) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ्ग कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

(४) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवम् दामासाहीमा नपरेको ।

(५) कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश नभएको ।

(६) आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्र लिएको ।

(७) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

(८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली २०७४, तथा अन्य प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको ।

**७. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्य क्षेत्रगत शर्तहरु :**

प्रमुख कार्यकारी अधिकृतको कार्य क्षेत्रगत शर्तहरु (TOR) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन, यस बैंकको प्रबन्धपत्र, नियमावली र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**८. व्यवसायिक कार्य योजना पेश गर्नुपर्ने :**

(१) व्यवसायिक कार्य योजना (Business Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिए बमोजिमको कार्यक्षेत्रगत शर्त **(TOR)** समेतका आधारमा निम्न बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।



RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

(क) **बैंकिङ्ग क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य :** अन्तर्राष्ट्रिय बैंकिङ्ग परिदृश्य, नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले लिएको लक्ष्य तथा कार्यदिशा र नेपालको विद्यमान बैंकिङ्ग वातावरणको विश्लेषण । राष्ट्रिय वाणिज्य बैंकको ऐतिहासिक पृष्ठभूमि, बैंकको विगत ५ बर्षको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषणका आधारमा देखिएका सबल एवम् दुर्वल पक्षहरु र सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान । बैंकिङ्ग क्षेत्रको निक्षेप, कर्जा, सम्पत्तिको गुणस्तर, सञ्चालन मुनाफा र खुद मुनाफामा राष्ट्रिय वाणिज्य बैंकको स्थानको गहन विश्लेषण र उक्त स्थान अभिवृद्धि गर्ने समयसारिणी सहितको कार्य योजना (Action Plan) ।

(ख) **व्यवसायिक कार्य योजना :** बैंकको संस्थागत सुशासन, Digitalization, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, औद्योगिक सम्बन्ध, मानव संशाधन व्यवस्थापन तथा क्षमता विकास, Innovative Intervention, Institution Building, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको पहिचान तथा बैंकको हालको **रणनीतिक योजना** (२०२०-२०२५) को अध्ययन तथा विश्लेषण एवम् समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा तयार पारिएको समयसारिणी सहितको कार्य योजना (Action Plan) ।

(ग) **प्रक्षेपित वित्तीय विवरण :**

(१) प्रस्तावित कार्य योजनाका आधारमा आगामी ४ वर्षमा पुग्न सक्ने प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (Projected Financial Statement) ।

(२) तोकिएको शैक्षिक योग्यता, कार्य अनुभव भएका र व्यवसायिक कार्य योजना प्रस्तुतिका लागि छनौटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यवसायिक कार्य योजनाको प्रस्तुति समेत गर्नु पर्नेछ ।

(३) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् आवेदन साथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ ।

**९. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभार :**

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभार तपसिल बमोजिम कायम हुनेछ ।

| | |
|---|---|
| १. शैक्षिक योग्यता वापत - | ३ अङ्क |
| २. कार्य अनुभव वापत - | १२ अङ्क |
| ३. व्यवसायिक कार्य योजना वापत - | ४० अङ्क |
| ४. व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण वापत - | १५ अङ्क |
| ५. अन्तर्वार्ता वापत - | ३० अङ्क |
| | **जम्मा १०० अङ्क** |



RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

**अङ्कभारको अङ्क वितरण देहाय बमोजिम हुनेछ :**

मापदण्ड अङ्कभार छुट्याइएको अङ्कभार

**(१) शैक्षिक योग्यता वापत : ३**

(क) स्नातकोत्तर प्रथम श्रेणी ३ अङ्क

(ख) स्नातकोत्तर द्वितीय श्रेणी २ अङ्क

(ग) स्नातकोत्तर तृत्तीय श्रेणी १ अङ्क

**(२) कार्य अनुभव वापत : १२**

**कार्यरत रहेको पद/तह, बैक/वित्तीय संस्था/अन्य संस्था**

(क) **क** वर्गका वाणिज्य बैंकको अधिकृत तह वा सो भन्दा माथिको पद/तहमा १० बर्षभन्दा बढी कार्य अनुभव हासिल गरे बापतको ५ अङ्क तथा छुट्टै ऐन अन्तर्गत स्थापना भएका वित्तीय कारोबार (कोष व्यवस्थापन) गर्ने संस्थाहरुको अधिकृत तह वा सो भन्दा माथिको पद/तहमा १५ बर्षभन्दा बढी कार्य अनुभव हासिल गरे बापतको ५ अङ्क ।

(ख) **क** वर्गका वाणिज्य बैंकको उच्च व्यवस्थापकीय तह (तह १० र सो भन्दा माथि) थप प्रत्येक बर्षको ०.७५ को दरले अतिरिक्त ५ अङ्क तथा छुट्टै ऐन अन्तर्गत स्थापना भएका वित्तीय कारोबार (कोष व्यवस्थापन) गर्ने संस्थाहरुको उच्च व्यवस्थापकीय तह (तह १० र सो भन्दा माथि) थप प्रत्येक बर्षको ०.५० को दरले अतिरिक्त ५ अङ्क ।

(ग) **क** वर्गका वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृत पदको कार्य अनुभवका लागि प्रत्येक बर्षको ०.५० को दरले अतिरिक्त-२ अङ्क ।

**नोट :**

- एक वर्षभन्दा कम अवधिको कार्य अनुभव बापतको अङ्क गणना गरिने छैन ।

**(३) व्यवसायिक कार्य योजना (Business Plan)** : ४० अङ्क

**व्यवसायिक योजनाका विषयवस्तु अङ्कभार :**

(क) बैंकिङ्ग क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य -१० अङ्क

(ख) व्यवसायिक कार्य योजना -२० अङ्क

(ग) प्रक्षेपित वित्तीय विवरण -१० अङ्क

**(४) व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण : १५**

**प्रस्तुतीकरण अङ्कभार :**

(क) तर्कपूर्ण प्रस्तुति -५ अङ्क

(ख) सिर्जनशीलता -५ अङ्क

(ग) कार्य योजनाको स्पष्टता -५ अङ्क

**(५) अन्तर्वार्ता : ३०**

**अन्तर्वार्ता अङ्कभार :**

(क) व्यक्तित्व -५ अङ्क

(ख) आत्मविश्वास -५ अङ्क

(ग) विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता -१० अङ्क



RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

(घ) तर्कपूर्ण प्रस्तुति एवम् अभिव्यक्ति -५ अङ्क

(ङ) उठाइएका सबालहरु सम्बोधन गर्ने क्षमता -५ अङ्क

**१०. छनौटका आधार तथा प्रक्रिया :**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ८ मा उल्लेख भए अनुसार हुनेछ । यसका लागि निम्न बमोजिमको प्रकृया अपनाइनेछ :

(१) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यवसायिक कार्य योजनाको मूल्याङ्कनमा कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने (सम्भव भए सम्म ५ जना) उम्मेदवारलाई छनौट (शर्ट लिष्टिङ्ग) गरी व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्वन्धी विनियमावली २०७४, बमोजिम मापदण्ड नपुगेका, तोकिएको कागजात पेश नगर्ने तथा रीतपूर्वक आवेदन प्राप्त नभएका उम्मेदवारलाई शर्ट लिष्टिङ्ग गरिने छैन ।

(२) उपदफा (१) अनुसार छनौट भएका उम्मेदवारहरुमध्ये शैक्षिक योग्यता, कार्य अनुभव, व्यवसायिक कार्य योजनाको मूल्याङ्कन र व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त अङ्कको योग्यताको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनालाई वर्णानुक्रम अनुसार सञ्चालक समिति समक्ष सिफारिस गरिनेछ ।

(३) चारवटा भन्दा कम आवेदन परेमा प्राप्त दरखास्तलाई कायमै राखी म्याद सकिएको ३ कार्यदिन भित्र थप १५ दिनको म्याद दिई दरखास्त दिने सूचना प्रकाशित गरिनेछ । थप भएको म्यादभित्र समेत चारवटा भन्दा बढी दरखास्त प्राप्त नभएमा जति दरखास्त प्राप्त भएको छ सोही बमोजिम नै प्रकृया अगाडि बढाइनेछ ।

**११. व्यवसायिक कार्य योजना तथा प्रस्तुतीकरण एवम् अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्था :**

(१) व्यवसायिक कार्य योजनाको परीक्षण उप समितिले छनौट गरेका दुई जना विज्ञहरुबाट छुट्टा छुट्टै गोप्य रुपमा गराइनेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औषत (Average) अङ्क निकाली त्यसलाई व्यवसायिक कार्य योजना बापतको प्राप्ताङ्कको रुपमा गणना गरिनेछ ।

(३) व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण एवम् अन्तर्वार्ताको क्रममा प्रमुख कार्यकारी अधिकृत नियुक्ति सिफारिस सम्बन्धी उप समितिले सञ्चालक समितिको सहमतिमा उप-समितिका पदाधिकारीका अतिरिक्त बढीमा २ जनासम्म विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम व्यवसायिक कार्य योजना बापतको प्राप्ताङ्क (Marks) मा उम्मेदवारले प्राप्त गरेको शैक्षिक योग्यताको अङ्क, कार्य अनुभवको अङ्क, व्यवसायिक कार्ययोजनाको अङ्क, प्रस्तुतीकरणको अङ्क र अन्तर्वार्ताको औषत अङ्क जोडी अन्तिम प्राप्ताङ्क (Final Marks) गणना गरिनेछ ।

(५) व्यवसायिक कार्य योजनाको मूल्याङ्कन तथा अन्तर्वार्ता प्रकृया गोपनियता कायम हुने गरी गरिनेछ ।



RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

**१२. विविध :**

१) उप समितिका संयोजक तथा सदस्यहरुको बैंठक भत्ता संचालक समितिका सदस्य सरह हुनेछ ।

२) उप समितिले आवश्यकता अनुसार बिशेषज्ञ आमन्त्रण गर्न सक्नेछ र निजलाई उपयुक्त पारिश्रमिक प्रदान गर्न सक्नेछ ।

३) प्रमुख कार्यकारी अधिकृत छनौटको सचिवालय स्थान र अन्य आवश्यक सहयोग बैंकले उपलब्ध गराउनेछ ।

४) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य प्रकृया र मापदण्ड उपसमितिले आफै निर्धारण गर्नसक्ने छ ।

RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE